# धादिङ जिल्ला अदालत
## धादिङ

पत्र संख्या:- ०७४/०७५ (तहसिल शाखा) फोन नं.०१०-५२०४१२

चलानी नं.- ५०२०

सूचना प्रकाशित मिति-२०७५।०२।२२

विषय : जिन्सीका सामानहरु फिर्ता लिन आउने सम्बन्धी।

# सूचना।..सूचना।।...सूचना।।।....

यस अदालतमा दशी स्वरुप दाखिला भई जिन्सीमा आम्दानी बाँधिएका अभियोग मागदावी भएका सामानहरु सम्बन्धित पक्षले फिर्ता पाउने फैसला वा आदेश भएकोमा परिचय खुल्ने प्रमाण कागज लिई जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०(क) उपनियम २ बमोजिम सूचना जारी भएको मितिले ३० (तीस) दिनभित्र र चोरीका सामानहरुको हकमा चोरीको महलको २१नं. बमोजिम ३ (तीन) महिनाभित्र निवेदनसाथ फिर्ता लिन आउनु हुन अनुरोध गरिन्छ। साथै त्यस्तो सामानहरु फिर्ता पाउने आदेश वा फैसला नभएकोमा समेत सम्बन्धित पक्षले आवश्यक प्रमाण कागजातसहित निवेदन लिई अदालतमा उपस्थित भएमा आदेशानुसार गरिनेछ। उल्लेखित म्यादभित्र फिर्ता लिन नआएमा यस अदालतको जिन्सीमा रहेका सामानहरु कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त रकम धरौटीमा आम्दानी बाँधिनेछ। पछि तपाईको कुनै उजूर लाग्ने छैन।

२०७५।२।२२

हरि प्रसाद अधिकारी

(तहसिलदार)

तहसिलदार